# मालारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची ।
### बोलपत्र आह्वान को सूचना

ठेक्का **नं..13 and 14- Con - MRM- 2075/076**

दोस्रो पटक प्रकाशित मिति २०७६/०२/२६

मालारानी गाउँपालिका, गाउँकार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिलमा उल्लेखित योजनाहरु बोलपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवशायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

सर्तहरु

१. बोलपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मिति सम्म आ.व.२०७५/०७६ सम्म मान्य भएको फर्म, संस्था दर्ताको प्रमाण पत्र, र मू.अ.करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्र प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्रदाताले लिखित निवेदन दिई रु.३०००। तिन हजार( फिर्ता नहुने गरी) को नगदी रसिद संलग्न राखी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु उपस्थित बोलपत्रदाता एवं कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ ।

३. बोलपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित **मेघा.वैकधरौटी खाता नं. ००४००१००८२२४३** मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको (क) बर्गको बाणिज्य बैंकको विडवण्ड बोलपत्र दाखिलाको अन्तिम मितिले १२० दिन सम्म **म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)**को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४ बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्ने छ केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको छाप र दस्तखत हुनुपर्ने छ । साथै बोलपत्रको सवै पाना हेरी भर्नुपर्ने विवरण भरी बोलपत्रदाताले सही र छाप लगाएको हुनुपर्ने छ । वि ओ क्यु मा स्पष्ट रुपमा दररेट अंक र अक्षरमा लेखेको जोड जम्मा गरेको हुनुपर्ने छ ।

५. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

६. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र ९८५१०७८०२५, ९८५७०६६५०७, ९८५७०६६७९५ मा सम्पर्क गर्न वा **malarani ruralmun@gmail.com**मा पठाउन सकिनेछ ।

८. बोलपत्र स्विकृत गर्ने, अस्विकृत गर्ने वा आंशिक रुपमा स्विकृत गर्ने अधिकार कार्यालयमा निहित रहने छ ।

९. कामको विवरण बोलपत्र खरिद दस्तुर, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्नअनुसार छ ।

१०. उल्लेखित योजनाहरु बहुबर्षिय भएकोले ४० प्रतिशत चालु आ.व ०७५।०७६ मा र ६० प्रतिशत कामको रकम आगामी आ.व ०७६।०७७ मा भुक्तानी हुने छ ।

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दस्तुर रु. | विडबण्ड वा धरौटी रकम रु. | इस्टिमेट अंक भ्याट सहित | विडबण्ड मान्यअवधि | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 13 - CON - MRM- 2075/076 | आधारभुत स्वास्थ सेवा केन्द्र भवन निर्माण मालारानी २ | ३०००।०० | १०००००।०० | ३७२२२२०। | १२०दिन | २०७६/०३/०८ | २०७६/०३/०९ दिनको १२ बजे | २०७६/०३/०९ दिनको ०१ बजे |
| 14 - CON - MRM- 2075/076 | आधारभुत स्वास्थ सेवा केन्द्र भवन निर्माण मालारानी ८ | ३०००।०० | १०००००।०० | ३७२२२२०। | १२०दिन | २०७६/०३/०८ | २०७६/०३/०९ दिनको १२ बजे | २०७६/०३/०९ दिनको ०१ बजे |

प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र राज मरासिनी

प्रमुख प्रशासकीय अधिकृत